
## नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति – बाँकेद्वारा मिति २०७९ असोज देखि २०८० असार मसान्तसम्म (१० महिनामा) सम्पन्न गरेका केहि महत्वपूर्ण गतिविधि एवं क्रियाकलापहरुको विवरण संक्षेपमा:

### “नेगो बुलेटिन” तथा “नेगो बाँके वेभसाइट” सार्वजनिकीकरण





“सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं ।”

"संघीयताामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान: राजनीतिक अधिकार सहितको ट्रेड युनियन, हाम्रो अभियान"

**नेगो बुलेटिन**

राष्ट्र सेवकहरुको आवाज

वर्ष १ | अंक १ | २०७९ असोज

अध्यक्ष
देवीलाल भौलागाई
उपाध्यक्ष
चन्द्र बहादुर बुढा
दुर्गा महत
सचिव
बसन्त कुमार थापा
सहसचिव
मेघराज चौधरी
कोषाध्यक्ष
तेजेन्द्र रोकाया
सदस्य
धर्मबहादुर भण्डारी
थिर बहादुर थापा मगर
भरत राज गोरायोकी
शिवा शाह
मेघराज थराल
भिम प्रसाद अधिकारी
शिवराज रिजाल
सदन भण्डारी
ओम प्रकाश शाही
रन्जना घर्ति
चन्द्रमणि अधिकारी
प्रतिक मल्ल
दिल बहादुर वि. क.
घुमलाल थारु
राम कुमार पाठक

प्रकाशक
नेपाल निजामती कर्मचारी संगठन
जिल्ला कार्यसमिति, बाँके

**प्रकाशकीय**

नेपालको निजामती क्षेत्रको पहिलो र अग्रणी संगठनको रुपमा २०४७ वैशाख ७ गते स्थापना भएको नेपाल निजामती कर्मचारी संगठन, संघर्ष र आन्दोलनकै जगमा स्थापना भएको एउटा राष्ट्रिय स्तरको ट्रेड युनियन हो। संघ, संगठन खोल्न र गतिविधि गर्न नपाइने निरङ्कुश पंचायत विरुद्ध कर्मचारीहरुलाई आन्तरिक रुपमा परिचालन गर्दै आइरहेको यस संगठनले बहुदलीय व्यवस्था स्थापनाको लागि समेत निर्णायक भूमिका खेलेको थियो। २०४६ चैत्र २६ गते राजा बीरेन्द्रले दल माथिको प्रतिबन्ध फुकुवा गरि बहुदलीय व्यवस्थाको घोषणा गरेपछि नेपालको निजामती क्षेत्रको पहिलो ट्रेड युनियनको रुपमा नेपाल निजामती कर्मचारी संगठन २०४७ वैशाख ७ गते स्थापना भएको हो।

२०४६ सालको बहुदलीय व्यवस्था स्थापनाको आन्दोलन होस् या ०६२/०६३ राजनीतिक परिवर्तन। यी सबै परिवर्तनहरुमा नेपाल निजामती कर्मचारी संगठनले खेलेको भूमिका र योगदान अत्यन्त महत्वपूर्ण, अतुलनीय र अविस्मरणीय रहेको छ। अहिले हामीले अभ्यास र उपयोग गर्दै आइरहेको ट्रेड युनियन अधिकार पनि यही आन्दोलन, संगठनले खेलेको भूमिका र योगदान कै उपज हो भन्दा अत्युक्ति हुँदैन होला। तर अहिले फेरी प्राप्त ट्रेड युनियन अधिकार माथि धावा बोल्ने काम भैरहेको छ। जुन अत्यन्तै खेदजनक छ। हिजो देखि उपभोग गर्दै आइरहेको सेवा, सुविधा र हक अधिकार कटौती गर्ने कार्यका विरुद्ध आम कर्मचारी जगत फेरी पनि एकताबद्ध भएर अघि बढ्नुपर्ने एतिहासिक जिम्मेवारी हाम्रो काँध माथि आइपुगेको छ।

यिनै आवाजहरु बुलन्द गर्ने सारथिको रुपमा नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति, बाँकेले **नेगो बुलेटिन** को आरम्भ गरेको छ। 'नेगो बुलेटिन' आम राष्ट्र सेवक कर्मचारीहरुको आवाज बन्नेछ, भन्ने हामीले विश्वास लिएका छौं। यसको प्रकाशनको मुख्य ध्येय पनि यहि हो। पेशागत हकहित र सेवा सुविधाको विषय मात्र नभएर समग्र निजामती क्षेत्रको सुधार, पेशागत दक्षता र व्यावसायिकताको विकास, नागरिक सरोकार, मुलुकको राजनीतिक, सामाजिक एवं आर्थिक क्षेत्रको सुधार र परिवर्तनको आवाज पनि 'नेगो बुलेटिन' ले बोल्नेछ भन्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं। समग्रमा यो जनताको आवाज बन्न सकोस् भन्ने हाम्रो 'परिकल्पना' हो। जनता प्रति उत्तरदायि निजामती सेवा हाम्रो 'लक्ष्य' हो। पेशागत सेवा, सुरक्षा र मर्यादा हाम्रो 'उपलब्धि' हो। हामी निरन्तर यसैमा क्रियाशील रहने छौं।

अन्त्यमा, यसलाई प्रकाशन गर्नमा सबै किसिमबाट सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सहयोगी एवम् शुभेच्छुकहरुमा हामी हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछौं, साथै निरन्तरताको अपेक्षा पनि। ।। धन्यवाद ।।

ई-मेल : negeobanke1.@ gmail.com    वेभ साइट : www.negeobanke.org.com

१

बाँके संगठनका विविध गतिविधि एवं पेशागत हकहित र सेवा सुविधाको विषयका साथै समग्र निजामती क्षेत्रको सुधार, पेशागत दक्षता र व्यावसायिकताको विकास, नागरिक सरोकारको विषय, मुलुकको राजनीतिक, सामाजिक एवं आर्थिक क्षेत्रको सुधार र परिवर्तनका विषय समेत समेट्ने गरि आम नागरिक एवं राष्ट्र सेवकको आवाज बोल्ने एउटा माध्यामको रुपमा नेपाल निजामती कर्मचारी संगठन, बाँकेद्वारा प्रकाशित **नेगो बुलेटिन** र **नेगो बाँके वेभसाइट** www.negeobanke.org.com प्रकाशन र निर्माण गरिएको छ । एक विशेष कार्यक्रमका बीच संगठनका केन्द्रिय अध्यक्ष श्री लेखनाथ कोइरालाबाट **नेगो बुलेटिन** र **नेगो बाँके वेभसाइट** www.negeobanke.org.com सार्वजनिकीकरण गर्ने कार्य मिति २०७९ कार्तिक १३ गते सम्पन्न भएको छ । केन्द्रिय अध्यक्ष श्री लेखनाथ कोइरालाको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा नेगो बुलेटिन र नेगो बाँके वेभसाइट

www.negeobanke.org.com सार्वजनिकीकरणका साथै विजया दशमी तथा शुभदिपावली, छठ लगायत नेपालीहरुको महान् पर्वहरुको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम समेत आयोजना गरिएको थियो ।

## राष्ट्रसेवक सहकारी संस्था लि. बाँकेको २१ औं वार्षिक साधारण सभा




नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा संचालित राष्ट्र सेवक सहकारी संस्था लि. बाँकेको २१ औं वार्षिक साधारण सभा नेपाल निजामती कर्मचारी संगठन, केन्द्रिय उपाध्यक्ष एवं सहकारी विभाग प्रमुख श्री रेवन्त गौतमको प्रमुख आतिथ्यतामा मिति २०७९ असोज २९ गते नेपालगन्जमा सम्पन्न भएको छ ।

## नेपालगन्जमा बम विस्फोट र निर्वाचन सुरक्षाको विषयमा ध्यानाकर्षण

२०७९ मङ्सिर ४ गते गइरहेको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको सम्मुखमा जिल्लाको शान्ति सुरक्षा माथि गम्भीर प्रश्न खडा गर्ने गरि मिति २०७९ कार्तिक ३० गते सम्साझै नेपालगंज उपमहानगरपालिका वडा नं. १० भृकुटीनगरमा भएको बम बिस्फोटको



"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

नेपाल निजामती कर्मचारी संगठन

(Nepal Government Employees' Organization)

जिल्ला कार्य समिति, बाँके

(पेशागत महासंघ नेपालसँग आबद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)

पत्र संख्या:- ०७९/०८०

चलानी नं.

मिति:- २०७९/०८/०१

प्रेस विज्ञप्ति

यहि मिति २०७९ मङ्सिर ४ गते देशैभर एकैपटक हुन गइरहेको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको सम्मुखमा जिल्लाको शान्ति सुरक्षा माथि गम्भीर प्रश्न खडा गर्ने गरि मिति २०७९ कार्तिक ३० गते सम्साझै नेपालगंज उपमहानगरपालिका वडा नं. १० भृकुटीनगरमा भएको बम बिस्फोटको घटना प्रति नेपाल निजामति कर्मचारी संगठन, बाँकेको गम्भीर ध्यानाकर्षण भएको छ । निर्वाचन सम्पन्न गराउने जिम्मेवारी सहित उच्च मनोबलका साथ मतदान केन्द्र तर्फ जाँदै गरेका हजारौं राष्ट्र सेवक कर्मचारीलाइ निर्वाचनको सम्मुखमै भएको यस खालको घटनाले त्रास र भयको वातावरण सृजना गरेको छ । यस घटनाको नेपाल निजामती कर्मचारी संगठन, बाँके घोर निन्दा र भर्त्सना गर्दछ । घटनास्थलको प्रकृतिबाट निर्वाचनलाइ लक्षित गरेर योजनाबद्ध ढंगले आक्रमण र हिंसात्मक गतिविधि संचालन गर्ने रणनीति रहेको समेत पुष्टि भएको छ । यसले निर्वाचनको सुरक्षा माथि थप चुनौती पैदा गरेको छ ।

लोकतन्त्रमा निर्वाचन मार्फत आफ्नो जनप्रतिनिधि आफैले छान्ने र चुन्न पाउने जनताको सार्वभौम अधिकारको सबै पक्षले सम्मान गर्नुपर्दछ र सरकारले जनताको त्यो सार्वभौम अधिकारको रक्षा र संरक्षण गर्नु पर्दछ भन्ने नेपाल निजामती कर्मचारी संगठनको मान्यता र धारणा रहेको छ । जुन विना लोकतन्त्रको परिकल्पना गर्न पनि सकिदैन । यस घटनाले यो सर्वमान्य मान्यता माथि गम्भीर प्रश्न चिन्ह खडा गरेको छ । बाँके जिल्लामा ३ लाख ३२ हजार २ सय ३१ मतदाता, ३ - प्रतिनिधि सभा निर्वाचन क्षेत्र, ६- प्रदेश सभा निर्वाचन क्षेत्र, १ सय ३८ मतदान स्थल र ३ सय ८० मतदान केन्द्र रहेका छन् भने जिल्लाका १ सय ८ मतदान स्थललाइ सुरक्षा दृष्टिकोणबाट अति समवेदनशील र ३० मतदान स्थललाई समवेदनशील मतदानस्थलको रुपमा राखिएको छ ।

निर्वाचनलाई भयरहित, स्वतन्त्र र निष्पक्ष बनाउनु पर्छ भन्ने कुरालाई आम जनता र मतदाताले यतिखेर व्यवहारमा देख्न एवं हेर्न चाहेका छन् । यसको भरपर्दो व्यवस्था गर्ने र विश्वासिलो वातावरण बनाउने काम, कर्तव्य र दायित्व सरकारको हो । तमाम अव्यवस्था र कठिनाइका बावजुद पनि निर्वाचन सम्पन्न गराउने राष्ट्रिय दायित्व र जिम्मेवारीलाई पुरा गर्न मतदान केन्द्र तर्फ जाँदै गरेका हजारौं राष्ट्र सेवक कर्मचारीहरुको मनोबल बढ्ने गरि शान्ति सुव्यवस्था कायम गर्न र यस प्रकारको घटना दोहोरिन नदिन साथै निर्वाचनलाई भयरहित, स्वतन्त्र एवं निष्पक्ष बनाउने कुरामा कुनैपनि कमीकमजोरी हुन नदिन र यस प्रकारको आतंकको वातावरणको अन्त्य गर्न नेपाल निजामती कर्मचारी संगठन, बाँके सरकार सँग जोडदार माग गर्दछ ।

देवीलाल चौलागाईं

(अध्यक्ष)

घटनाले निर्वाचन सम्पन्न गराउने जिम्मेवारी सहित उच्च मनोबलका साथ मतदान केन्द्र तर्फ जाँदै गरेका कर्मचारीहरुमा डर, त्रास र भयको वातावरण सृजना गरेको परिस्थिति र घटनास्थलको प्रकृतिबाट निर्वाचनलाइ लक्षित गरेर योजनाबद्ध ढंगले आक्रमण र हिँसात्मक गतिविधि संचालन गर्ने रणनीति समेत रहेको विश्लेशण गर्दै संगठन, बाँकेले समग्र निर्वाचन र निर्वाचनमा खटिएका कर्मचारीहरुको भरपर्दो र विश्वसनीय सुरक्षा प्रवन्ध गर्न सरकार र  सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराएको थियो। बाँके जिल्लामा ३ लाख ३२ हजार २ सय ३१ मतदाता, ३ – प्रतिनिधि सभा निर्वाचन क्षेत्र, ६– प्रदेश सभा निर्वाचन क्षेत्र, १ सय ३८ मतदान स्थल र ३ सय ८० मतदान केन्द्र रहेका छन् भने जिल्लाका १ सय ८ मतदान स्थललाइ सुरक्षा दृष्टिकोणबाट अति समवेदनशील र ३० मतदान स्थललाई समवेदनशील मतदानस्थलको रुपमा राखिएको छ।

## प्रतिनिधि तथा प्रदेश सभा सदस्यहरुमा बधाई तथा शुभकामना कार्यक्रम






मिति २०७९ मङ्सिर ४ गतेको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा बाँके जिल्लाबाट निर्वाचित सांसदहरुलाई बधाई तथा शुभकामना कार्यक्रम साथै कर्मचारीहरुका पेशागत सवाल र संघीय निजामती सेवा ऐनमा समावेश गर्नुपर्ने विषयमा

सांसदहरुले खेल्नुपर्ने भूमिकाको विषयमा छलफल कार्यक्रम सम्पन्न । उक्त अवसरमा बाँके जिल्लाबाट नवनिर्वाचित प्रतिनिधि सभाका सदस्य सुर्य ढकाल, प्रदेश सभा सदस्य रत्न खत्री, दुर्गा प्रसाद चौधरी, नेकपा (एमाले) पार्टी अध्यक्ष किस्मत कुमार कक्षपति लगायतले कर्मचारीहरुको पेशागत हकहितको सवालमा संसद र पार्टीका तर्फबाट सहयोग गर्ने र राष्ट्र सेवकहरुले सेवा प्रवाहलाई जनमुखी बनाउन र आफुलाई जनता माझ स्थापित गर्न भूमिका खेल्नुपर्नेमा जोड दिनु भएको थियो ।

## मानवताको लागि संगीत यात्रामा संगठनको सहयोग




सहयोगापेक्षी सडक आश्रित मानवहरुको सेवामा सहयोग पुर्याउने र सबैलाई प्रेरित गराउने उद्देश्यले *मानवताका लागि संगीत* भन्ने मूल नारा सहित सातवटा प्रदेशका १० मुख्य स्थानमा मानव सेवा आश्रमको आयोजनामा नेपालको लोकप्रिय संगीत समूह “नेपथ्य” को लाइभ कन्सर्ट अन्तर्गत नेपालगन्जमा मिति २०७९ मङ्सिर २९ गते हुने वृहत् सांगीतिक कार्यक्रममा नेपाल निजामती कर्मचारी संगठन – बाँकेको सहयोग, समन्वय र सहकार्य रहेको थियो ।

## कर्मचारीलाई ज्यान मार्ने धम्कि दिने विरुद्ध संगठन

मिति २०७९ असार २८ गते कोहलपुर नगरपालिका वडा नं. १२ मा रहेको **कानोडिया अटोमोबाइल्स**ले निर्धारित नापतौल भन्दा पेट्रोलियम पदार्थ घटी दिएको उपभोक्ताको गुनासो र उजुरीका आधारमा उक्त पेट्रोल पम्पको अनुगमन गर्न पुगेको गुणस्तर तथा नापतौल कार्यालय,नेपालगन्ज सहितको सरकारी टोलीबाट जाँचबुझ हुँदा पेट्रोलियम पदार्थ निर्धारित नापतौल भन्दा घटीमा बिक्रीवितरण गरेको देखिएको र सो सम्बन्धमा गुणस्तर तथा नापतौल कार्यालय, नेपालगन्जबाट कानुन बमोजिम आवश्यक कारवाही प्रक्रिया अगाडी बढाउन खोज्दा विगत लामो समय देखि सम्बन्धित व्यवसायीले असहयोग एवं अभद्र व्यवहार गर्दै आएको र पछिल्लो समय कार्यालयमा कार्यरत कार्यालय प्रमुख, निरीक्षक, सहायक निरीक्षक सहितका कर्मचारीहरुलाई कार्यालयमै आएर दुर्व्यवहार गर्ने र ज्यान मार्ने समेत धम्कि दिने व्यवसायी / समुहका विरुद्ध कार्यालयको कामकाजमा बाधा उत्पन्न गरेको, कर्मचारीहरु माथि दुर्व्यवहार गरेको र ज्यान मार्ने समेत धम्कि दिएको विषयमा सो कार्यालयमा कार्यरत कर्मचारीहरुले मिति २०७९ मङ्सिर २५ गते आवश्यक कारवाहीको लागि जिल्ला प्रशासन कार्यालय, बाँकेमा निवेदन दिएको दुइ साता पुग्न लाग्दा समेत दोषीलाई कारवाहीको दायरामा ल्याउन पहल नगरेपछि कानुनलाई हातमा लिने दुस्साहस गर्ने व्यक्तिलाई अविलम्ब कानुनको दायरामा ल्याउन नेपाल निजामती कर्मचारी संगठन, बाँकेको आवश्यक पहल, समन्वय र दबाब पछी समस्याको समाधान गरिएको थियो।



## बाँके राष्ट्रिय निकुन्ज अन्तर्गत कार्यरत संगठन सदस्यहरुसँग प्रशिक्षण तथा छलफल




उल्लेख्य कर्मचारी दरबन्दी रहेको बाँके राष्ट्रिय निकुन्जमा कार्यरत संगठन सदस्यहरुलाई संगठनको बाँके राष्ट्रिय निकुन्ज इकाई कार्य समितिको व्यवस्थापनमा नेपाल निजामती कर्मचारी संगठन, बाँकेको आयोजनामा प्रशिक्षण कार्यक्रम पश्चिम सेक्टर कार्यालय कोहलपुरमा मिति २०७९ माघ १४ गते सम्पन्न भएको छ । बाँके राष्ट्रिय निकुन्ज कार्यालय र अन्तर्गतको विभिन्न पोष्टमा कार्यरत संगठन सदस्यहरुको सहभागिता रहेको थियो ।

## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीलाई ज्ञापन / सुझाव पत्र पेश




जिल्लाको सामान्य प्रशासनको अवस्था बुझ्न र सरकार / मन्त्रालयको कामकारबाही र योजनाको बारे जानकारी गराउन मिति २०७९ माघ २० गते बाँके जिल्ला आउनुभएका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री अमनलाल मोदीसँग कर्मचारी प्रशासनका विविध



विषयमा छलफल र अन्तरक्रिया सहित कर्मचारी मैत्री संघीय निजामती सेवा ऐन तत्काल जारी गर्न संगठनका तर्फबाट सुझाव सहितको ज्ञापनपत्र पेश गरिएको।

## कर्मचारीलाई दुर्व्यवहार एवं हातपात गर्न खोज्नेका विरुद्ध संगठनको खबरदारी

आफ्नो सेवा क्षेत्रमा कार्यालयको कामकाजमा खटिईरहेको अवस्थामा मिति २०७९ फागुन ७ गते दिउँसो १२:१५ बजेको समयमा खजुरा गाउँपालिका, शिक्षा शाखा प्रमुख श्री खगेन्द्र मल्ल माथि भएको अभद्रव्यवहार, गालीगलौज, दुर्व्यवहार र आक्रमण प्रयास प्रति संगठन, बाँकेले खेद प्रकट गर्दै सरकारको जिम्मेवारी र कर्तव्य पालनका सन्दर्भमा एउटा इमान्दार राष्ट्रसेवक माथि भएको दुर्व्यवहार, गालीगलौज र आक्रमणको प्रयासको घटना विरुद्ध सम्बन्धित निकायको ध्यानाकर्ष गराउने र दोषीलाई अबिलम्ब कानुनि दायरामा ल्याउन पहल र खबरदारी गर्ने काम संगठन, बाँकेले गरेको।



श्रम तथा रो.प्र.वि.द.नं.२१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

नेपाल निजामती कर्मचारी संगठन

(Nepal Government Employees' Organization)

जिल्ला कार्य समिति, बाँके

(पेशागत महासंघ नेपालसँग आवद्ध, निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)

पत्र संख्या:- ०७९/०८०

चलानी नं.

मिति:- २०७९/११/०८

प्रेस विज्ञप्ति

आफ्नो सेवा क्षेत्रमा कार्यालयको कामकाजमा खटिईरहेको अवस्थामा मिति २०७९/११/०७ गते दिउँसो १२:१५ बजेको समयमा खजुरा गाउँपालिका, शिक्षा शाखा प्रमुख श्री खगेन्द्र मल्ल माथि भएको अभद्रव्यवहार, गालीगलौज, दुर्व्यवहार र आक्रमण प्रयासको घटना प्रति नेपाल निजामति कर्मचारी संगठन, बाँकेको गम्भीर ध्यानाकर्षण भएको छ। नेपाल सरकारको जिम्मेवारी र कर्तव्य पालनका सन्दर्भमा एउटा इमान्दार राष्ट्रसेवक माथि भएको दुर्व्यवहार, गालीगलौज र आक्रमणको प्रयास अत्यन्त निन्दनीय र दुखद् छ। नेपाल निजामती कर्मचारी संगठन, बाँके यस घटनाको घोर निन्दा र भर्त्सना गर्दछ।

कुनैपनि विवाद, असहमति र असुविधा भए त्यसको कानूनी निरुपणको बाटो हुँदाहुँदै कानुनलाई हातमा लिने त्यस प्रकारको घटनामा संलग्न दोषीहरुको खोजि गरि अबिलम्ब कानुनि दायरामा ल्याउन र कानुन बमोजिम कारबाही गर्न सम्बन्धित निकाय समक्ष नेपाल निजामति कर्मचारी संगठन - बाँके, जोडदार माग गर्दछ। अन्यथा राष्ट्र सेवक कर्मचारीहरुको पेशागत हकहित र सुरक्षाका लागि नेपाल निजामती कर्मचारी संगठन कडारुपमा अघि बढ्न बाध्य हुने र त्यसबाट पर्न सक्ने असर, प्रभाव र क्षतिको जिम्मेवार स्वयं सरकार हुने ब्यहोरा समेत यसै विज्ञप्ति मार्फत स्पष्ट पार्न चाहन्छौं।

यसका साथै आम राष्ट्रसेवक कर्मचारीहरुको कार्यस्थलको सुरक्षा र शान्तिपूर्ण वातावरणमा कामकाज गर्ने व्यवस्था मिलाउन समेत नेपाल निजामती कर्मचारी संगठन, नेपाल सरकार र सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउँद छ।

देवीलाल चौलागाईं

(अध्यक्ष)

## वनभोज तथा सांस्कृतिक कार्यक्रम एवं पुरस्कार वितरण






नेपाल निजामती कर्मचारी संगठन, बाँकेको आयोजनामा मिति २०७९ फागुन १३ गते रमणीय एवं पर्यटकीय स्थल **गाभर भ्याली**मा पारिवारिक वनभोज एवं सांस्कृतिक कार्यक्रमका साथै पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । संगठनका केन्द्रिय उपाध्यक्ष रेवन्त गौतमको प्रमुख आतिथ्यता रहेको उक्त वनभोज एवं सांस्कृतिक कार्यक्रमका साथै पुरस्कार वितरण कार्यक्रममा प्रतिनिधि सभा सदस्य दिपा शर्मा, बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारी विपिन आचार्य लगायतको सहभागिता रहेको थियो ।

## होलि मिलन शुभकामना कार्यक्रम





परम्परागत रुपमा असत्य माथि सत्यको विजय उत्सवको रुपमा मनाइने होलि पर्वको अवसरमा नेपाल निजामती कर्मचारी संगठन, बाँकेले संगठन सदस्यहरु बीच मित्रता, हार्दिकता, सौहार्दता एवं आत्मियता अभिवृद्धि गर्न मिति २०७९ फागुन २३ गते होलि मिलन शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गरेको थियो । उक्त अवसरमा संगठन सदस्यहरुले एक आपसमा रंग / अबिर दलेर आत्मियता साटासाट गरेका थिए । सहभागी सबैलाई संगठनको झण्डा र लिगो अंकित टिसर्ट निशुल्क वितरण गरिएको थियो ।

## श्रेणी विहिन कर्मचारीहरुको विषयमा छलफल एवं अन्तरक्रिया कार्यक्रम



संघीय निजामती सेवा ऐनको मस्यौदामा श्रेणी विहिन कर्मचारीहरुको वृत्तिविकासमा बन्देज लगाइएको र आन्तरिक प्रतिस्पर्धाको व्यवस्था नराखिएको विषय प्रति ट्रेड युनियनको धारणा माग र विभेदका विरुद्ध ट्रेड युनियनको अगुवाइका लागि आग्रह गर्ने उद्‌देश्य सहित बाँके राष्ट्रिय निकुन्ज अन्तरगत कार्यरत श्रेणी विहिन गेमस्काउट, वनरक्षक लगायतका कर्मचारीहरुको सहभागिता रहेको उक्त कार्यक्रममा संगठनका तर्फबाट धारणा स्पष्ट पार्ने र त्यसका विरुद्ध एकाकार भएर अघि बढ्ने विषयमा सजिकरण गरिएको थियो ।

## राष्ट्रिय युवा संघ नेपालको नवौं राष्ट्रिय महाधिवेशन व्यवस्थापन





२०७९ चैत्र २७ – २९ गतेसम्म नेपालगन्जमा सम्पन्न राष्ट्रिय युवा संघ नेपालको नवौं राष्ट्रिय महाधिवेशनमा निर्वाचन व्यवस्थापन गर्ने एउटा महत्वपूर्ण जिम्मेवारी नेपाल निजामती कर्मचारी संगठन, बाँकेलाई दिइएको थियो र उक्त जिम्मेवारीलाई संगठन, बाँकेले अत्यन्त कुशलता पुर्वक सम्पन्न गरेको थियो । एतिहासिक अवसरका साथै चुनौतीको रुपमा आइपुगेको जिम्मेवारीलाई बाँके जिल्लाका संगठकहरुले अत्यन्त लगन र मिहेनतका साथ सम्पन्न गरेकोमा संगठन बाँके सबै प्रति हार्दिक धन्यवाद र  आभार प्रकट गर्दछ । महाधिवेशनमा नेकपा (एमाले) श्रद्धेय अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्ष विष्णुप्रसाद पौडेल, महासचिव शंकर पोखरेल, स्थाई कमिटि सदस्य भानुभक्त ढकाल, कर्ण थापा, महेश बस्नेत लगायत दर्जनौं नेताहरुको सहभागिता रहेको थियो । अधिवेशनले क्षितिज थेवेलाई अध्यक्षमा निर्वाचित गरेको थियो ।

## ऐन निर्माणका क्रममा सरोकारवाला पक्षको अर्थपूर्ण सहभागिता, चासो र सरोकारलाई सम्बोधन गरियोस् भनि संयुक्त ज्ञापनपत्र पेश

संघीय निजामती सेवा ऐन हालसम्म पनि जारी हुन नसकेको र कर्मचारीका लागि निर्माण गरिन लागेको उक्त ऐनमा मुख्य सरोकारवाला पक्षको राय, सल्लाह र सुझाव लिने काम समेत सरकारले नगरिरहेको र प्रस्ताव गरिएको मस्यौदा समेत कर्मचारी मैत्री नदेखिरहेको सन्दर्भमा मिति २०८० बैशाख ६ गते संयुक्त ट्रेड युनियन संजालको तर्फबाट देशव्यापी रुपमा एकै दिन / एकै समयमा प्रधानमन्त्री समक्ष ज्ञापनपत्र पेश गर्ने कार्यक्रम अनुसार बाँके जिल्लामा क्रियाशील राष्ट्रिय स्तरका ट्रेड युनियानहरुको तर्फबाट संयुक्त रुपमा संघीय निजामती सेवा ऐन निर्माणका क्रममा सरोकारवाला पक्षको अर्थपूर्ण सहभागिता, चासो र सरोकारलाई सम्बोधन गरियोस् भनि बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पेश गरियो।



बिहीबार ०७ बैशाख २०८० Thursday 20 April 2023

**सरकारविरुद्ध ट्रेड युनियनको चेतावनी**

समाचारदाता
दैनिक नेपालगन्ज

संघीय निजामती सेवा ऐन निर्माणका क्रममा सरोकारवाला पक्षको अर्थपूर्ण सहभागिता, चासो र सरोकारलाई सम्बोधन गरियोस् भन्दै निजामती क्षेत्रमा क्रियाशिल संयुक्त ट्रेड युनियन सन्जालको तर्फबाट बुधवार सरकारलाई ज्ञापनपत्र बुझाइएको छ।

नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष देवीलाल चौलागाईका अनुसार, बाँकेका प्रमुख जिल्ला अधिकारी विपिन आचार्यमार्फत प्रधानमन्त्रीको कार्यालयमा संयुक्त ज्ञापनपत्र पठाइएको हो।

नेपाल सरकारले सरोकारवाला पक्षसँग छलफलनै नगरी संघीय निजामती सेवा ऐनको विधेयक सहमतीको लागि अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाएकोमा उनीहरूको आपत्ति छ। सरोकारवाला पक्षहरूको सहमतिमा निजामती प्रशासनलाई संघीय शासन अनुरूपको ढाँचामा व्यवस्थित गरी जनताको सेवा प्रवाहलाई चुस्त, दुरुस्त, प्रभावकारी, पारदर्शी एवं नागरिकमैत्री गराउने कार्यमा सहयोग पुग्ने गरी ऐन जारी गर्नु पर्नेमा जोड दिएका उनीहरूले बेवास्ता गरिएकोमा आपत्ति जनाएका हुन्।

राष्ट्रियस्तरका ट्रेड युनियनहरूले राज्यको प्रत्यक्ष उपस्थित जनाउने क्षेत्र निजामती सेवालाई व्यवस्थापन गर्ने विषय सरकारको प्राथमिकतामा नपर्नु गम्भिर चिन्ताको विषय भन्दै यस विषयमा राष्ट्रियस्तरका ट्रेड युनियनले नेपाल सरकार र सरोकारवाला निकायलाई पटक पटक ध्यानाकर्षण गराउँदै आउदा पनि त्यसो नभएकोमा आपत्ति जनाएको बताए।

राष्ट्रियस्तरका ट्रेड युनियनबाट दिइएको विभिन्न सुझावहरूलाई समेटी बैशाख १८ गते भित्र संघीय निजामती सेवा

बाँकी ३ पेजमा

## संगठन स्थापना दिवस विविध कार्यक्रमहरु

**छलफल एवं अन्तरक्रिया कार्यक्रमः** नेपालको निजामती



क्षेत्रको पहिलो र अग्रणी संगठन, हाम्रो प्रिय एवं गौरवशाली संगठन  नेपाल निजामती कर्मचारी संगठनको ३३ औं स्थापना दिवसको अवसरमा मिति २०८० बैशाख ७ गतेको दिन नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति –  बाँकेले *"संघीय निजामती सेवा ऐनमा समेटिनुपर्ने विषय र संघीय निजामती सेवा ऐन निर्माणमा संगठनको भूमिका"*  विषयक वृहत् **छलफल एवं अन्तरक्रिया** कार्यक्रम सम्पन्न गरेको छ ।

क्यालेण्डर प्रकाशन एवं सार्वजनिकीकरणः नेपाल निजामती कार्मचारी संगठन, जिल्ला कार्य समिति – बाँकेले गत वर्ष जस्तै यस वर्ष पनि वार्षिक क्यालेन्डर / भित्तेपात्रो प्रकाशन गरि संगठन स्थापना दिवसको अवसरमा २०८० बैशाख ७ गते सार्वजनिकीकरण गरेको छ । संगठनका गतिविधिहरुको प्रचारप्रसार एवं जानकारी हुने र संगठनको केहि मात्रामा भएपनि आर्थिक सवलिकरणमा टेवा पुग्ने उद्देश्यले क्यालेण्डर प्रकाशनलाई बाँके संगठनले निरन्तरता दिएको छ । जिल्ला स्थित सबै कर्मचारी एवं कार्यालयहरुमा निशुल्क रुपमा यसलाई वितरण गर्ने गरिएको छ ।




नयाँ वर्षको शुभकामना आदानप्रदानः



नव वर्ष २०८० एवं संगठन स्थापना दिवस (बैशाख – ७) को अवसरमा नेपाल निजामती कर्मचारी संगठन, बाँकेद्वारा संगठन सदस्यहरु बीच भेटघाट तथा शुभकामना आदानप्रदान सहित जलपान कार्यक्रम सम्पन्न ।

## प्रदेश स्तरीय प्रशिक्षक–प्रशिक्षण तथा राष्ट्र सेवक सहकारी संस्था लि. हरुको लुम्बिनी प्रदेश स्तरीय प्रथम सहाकारी भेलाको व्यवस्थापन

नेपाल निजामती कर्मचारी संगठन केन्द्रिय कार्य समितिको सहजीकरण र लुम्बिनी








प्रदेश कार्य समितिको आयोजनामा मिति २०८० बैशाख १५ – १६ सम्म संचालन भएको नेपाल निजामती कर्मचारी संगठनको “प्रदेश स्तरीय प्रशिक्षक–प्रशिक्षण तथा संगठनको अभिभाकत्वमा संचालित राष्ट्र सेवक सहकारी संस्था लिमिटेडहरुको लुम्बिनी प्रदेश स्तरीय प्रथम सहाकारी भेलाको व्यवस्थापन गर्ने जिम्मेवारी पाएको संगठन, बाँकेले भव्य, सभ्य र उत्कृष्ट व्यवस्थापन सहित सम्पन्न गरेको कुरा कार्यक्रमको समापनका अवसरमा अतिथि एवं सहभागीहरुको अभिव्यक्तिले पुष्टि गरेको छ । त्यस प्रति बाँके संगठन हार्दिक धन्यवाद र आभार प्रकट गर्दछ । साथै

उत्कृष्ट व्यवस्थापनमा कुनै कसर बाँकी नराखी सेवा र सुविधा प्रदान गर्ने नेपालगंज न्युरोड स्थित चार तारे होटल कल्पतरु प्रति संगठन, बाँके विशेष धन्यवाद र आभार व्यक्त गर्दछ। तथापि २ दिने "प्रशिक्षण र भेला"का लागि लुम्बिनी प्रदेश कार्य समितिले प्रदेश अन्तर्गतका जिल्ला संगठन र सहकारीहरुलाई तोकेको आर्थिक दायित्व भने हालसम्म पनि प्राप्त हुन सकिरहेको छैन।

## अन्तराष्ट्रिय श्रमिक दिवस, २०२३ कार्यक्रम





मे १ का दिन बिहान ८ – ९ बजे सम्म अन्तराष्ट्रिय श्रमिक दिवस, २०२३ का अवसरमा रेडियो कृष्णसार एफएमबाट "श्रम र श्रमिकका कुरा" एक घन्टाको रेडियो बहस र सोहि दिन दिउँसो नेपाल ट्रेड युनियन महासंघ ( जिफन्ट ), बाँके सँगको सहकार्यमा *हाम्रा अधिकार खोसिंदैछन्: संगठित होऔं, प्रशिक्षित होऔं, परिचालित होऔं र अधिकारका लागि हस्तक्षेप गरौं* भन्ने विषय सहित **मे दिवस** विशेष छलफल एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न।

## अध्यक्षहरुको प्रथम राष्ट्रिय भेलामा सहभागिता

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रिय कार्य समितिद्वारा मिति २०८० जेष्ठ ५–६ गतेसम्म काभ्रे जिल्लाको धुलिखेलमा आयोजित अध्यक्षहरुको प्रथम राष्ट्रिय भेलामा बाँके जिल्ला अध्यक्ष देवीलाल चौलागाईं सहभागी हुनुभएको थियो । उक्तभेलामा संगठन संचालन र परिचालनमा आइपरेका कठिनाइ र समस्या तथा समस्या समाधानका उपायहरुका विषयमा व्यापक छलफल सहित संगठनलाई अझ शसक्त र प्रभावकारी ढंगले संचालन र परिचालन गर्ने सहित संगठनले आम कर्मचारीहरुको हकहित र सेवा सुविधाको लागि उठाउनुपर्ने माग मुद्दा सहितको धुलिखेल घोषणापत्र समेत जारि गरिएको थियो ।




## महिलाहरुको राष्ट्रिय भेलामा सहभागिता

“समता र सशक्तीकरणः सेवामा सबलीकरण” भन्ने मूल नारा सहित नेपाल



निजामती कर्मचारी संगठन, केन्द्रिय कार्य समितिद्वारा मिति २०८० जेष्ठ २७–२८ गतेसम्म काठमाण्डौमा आयोजित दोश्रो राष्ट्रिय महिला भेलामा बाँके जिल्लाबाट संगठन उपाध्यक्ष दुर्गा महत र पुर्व केन्द्रिय प्रतिनिधि पुष्पा केसी सहभागी हुनुभएको थियो। उक्त राष्ट्रिय महिला भेलामा निजामती सेवामा महिला कर्मचारीका समस्या र सुधार गर्नुपर्ने विषय साथै लैंगिक समता र अधिकार लगायत समसामयिक पेशागत सुरक्षा र हकहितको विषय सहित काठमाण्डौ घोषणा पत्र जारी गरिएको थियो।

## अतिरिक्त हुलाकमा कार्यरत कर्मचारीहरुको आन्दोलनमा एक्यबद्धता



आर्थिक वर्ष २०८०/०८१ मा प्रस्तुत सरकारको बजेटबाट देशैभर रहेका अतिरिक्त हुलाक खारेज गर्ने निर्णयबाट देशैभरका अतिरिक्त हुलाकमा कार्यरत कर्मचारीहरु आन्दोलित हुने क्रममा बाँके जिल्लामा पनि आन्दोलनका विविध कार्यक्रमहरु आयोजना गरिएको थियो। दशकौं देखि सेवा र सहयोग गर्दै आइरहेकोमा एक्कासी आफ्नो रोजीरोटी खोस्ने सरकारको निर्णयको विरोध र सेवाको मुल्यांकन र आर्थिक सहयाताको माग राखी देशैभर

आन्दोलन गरिरहेका अतिरिक्त हुलाकमा कार्यरत कर्मचारीहरुको विरोध र आन्दोलनमा संगठनको तर्फबाट एक्यबद्धता जनाइएको थियो ।

## राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव – २०८० सम्पन्न

**"किसान सँग कर्मचारी अभियान"** सहित *राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव*-□□□□ को अवसरमा टिम डि–एड्ज एग्रो हब प्रा.ली. संगको सहकार्यमा नेपाल निजामती कर्मचारी संगठन, बाँकेद्वारा नेपालगंज उपमहानगरपालिका वडा नं. १९ भैयापुरमा मिति २०८० असार १५ गते एक भव्य कार्यक्रम सहित राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव – २०८० सम्पन्न भएको छ । कृषि प्रधान देशमा किसान र कृषिलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने उद्देश्यले






आयोजना गरिएको उक्त कार्यक्रममा नेपाली परम्परागत पन्चै बाजा सहित विविध सांस्कृतिक कार्यक्रम, दहि चिउरा र विभिन्न खानाका परिकारहरु राखिएको थियो । युवालाई कृषि सँग जोड्न सकिएमात्र कृषि विकास र रोजगारी सृजनाका साथै कृषिमा आधुनिकीकरण पनि सहज हुने भएकोले युवालाइ आकर्षित गर्ने गरी रोपाईं महोत्सव आयोजना गरिएको थियो ।

## अन्य विविध गतिविधिहरु

**विदाई तथा स्वागत:** बाँके जिल्लाबाट अन्यत्र सरुवा भै जाने एवं सेवा निवृत्त भै जानुहुने सङ्गठनकर्मीहरुको विदाई र अन्यत्र जिल्लाबाट सरुवा भै एवं नयाँ नियुक्ति लिई बाँके जिल्लामा आउनुहुने कर्मचारी / संगठनकर्मी साथीहरुको विभिन्न कार्यक्रम एवं बैठकहरुमा स्वागत गर्ने  कार्य बाँके संगठनले निरन्तररुपमा गर्दै आइरहेको छ ।

**सदस्यता वितरण र नवीकरण:** यस जिल्लामा नयाँ नियुक्ति लिई आउने तथा सदस्यता नलिएका कर्मचारीहरुलाई संगठनको सदस्यता प्रदान गर्ने र पुराना सदस्यहरुको सदस्यता नवीकरण गर्ने कार्यलाई बाँके संगठनले नियमित रुपमा गर्दै आइरहेको छ ।

**समवेदना:** कर्मचारी र उहाँको परिवारजनको निधन प्रति दुख र समवेदना प्रकट गर्न उहाँहरुको घरमा पुग्ने र सुख–दुखको साथी बन्ने काम संगठन, बाँकेले निरन्तर गर्दै आइरहेको छ ।

**सहजीकरण:** बाँके जिल्लामा कार्यरत कर्मचारीहरुको समस्या तथा गुनासो सम्बोधनका लागि कार्यालय प्रमुख एवं सरोकारवालाहरु सँग छलफल र  सहजीकरण गर्ने कार्य सङ्गठन, बाँकेले गर्दै आइरहेको छ ।

**सहभागिता:** जिल्ला स्तरमा हुने विभिन्न पेशागत एवं अन्य संघ संगठनहरुका सार्वजनिक कार्यक्रम एवं बैठकहरुमा आमन्त्रण अनुसार संगठनका तर्फबाट सहभागिता एवं प्रतिनिधित्व गर्ने र संगठनका विचार / धारणाहरु प्रस्तुत गर्ने, संगठनका गतिविधि एवं कार्यक्रमहरुका बारेमा जानकारी गराउने लगायतका कामहरु संगठन, बाँकेबाट निरन्तर हुँदै आइरहेका छन् ।

**संगठनिक विवरण:**

- संगठनको कुल सदस्य संख्या ६ सय ३० जना ।
- २ जना महिला सहित २१ सदस्यीय जिल्ला कार्य समिति ।
- १ जना महिला सहित ६ जना केन्द्रिय प्रतिनिधि ।
- ४ जना सल्लाकार ।
- निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन, बाँकेको अध्यक्ष, सचिव र कोषाध्यक्ष सहित ३ जना सदस्यहरु संगठनका तर्फबाट नेतृत्वमा ।
- राष्ट्र सेवक सहकारी संस्था लिमिटेड, बाँकेको कुल सदस्य संख्या ३ सय ५० ।
- लुम्बिनी प्रदेश कार्य समितिमा, बाँके जिल्लाबाट उपाध्यक्ष –१ , सचिव–१ र सदस्य २ जनाबाट प्रतिनिधित्व ।
- केन्द्रिय कार्य समितिमा बाँके जिल्लाबाट २ जना सदस्यहरुको प्रतिनिधित्व ।

**इकाई कार्य समितिहरु गठन:** मुलुकको संघीय संरचना अनुरुप यस संगठनले पनि संघीयतालाई आत्मसात गर्दै "जहाँ जहाँ सरकार त्यहाँ त्यहाँ ट्रेड युनियन अधिकार"को मान्यता अनुरुप संगठनलाई विकास र विस्तार गर्दै बाँके जिल्लाका ८ वटा स्थानीय तह मध्य **६ वटा स्थानीयमा संगठनको इकाई कार्य समिति गठन र बाँके राष्ट्रिय निकुन्जमा प्रारम्भिक इकाई कार्य समिति गठन** कार्य सम्पन्न गरेको यस बाँके संगठनले बाँकी २

वटा स्थानीय तह र अन्य कार्यालयस्तरमा प्रारम्भिक कार्य समिति गठन गर्ने र आम राष्ट्र सेवक कर्मचारीहरुलाई संगठनको छाता भित्र गोलबन्द गरी ट्रेड युनियन आन्दोलनलाई थप गतिशील र सशक्त बनाउने कार्ययोजना रहेको छ।

यसरी संगठन बाँकेले, केन्द्र र प्रदेश कार्य समितिको निर्णय, निर्देशन र कार्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने र आफ्नै पहलकदमीमा पनि थुप्रै रचनात्मक र सृजनात्मक कार्यहरु गर्दै संगठनलाई गतिशील र क्रियाशिल बनाउने काममा बाँके संगठन निरन्तर लागिरहेको छ। ▪